## दुई शब्द

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय र सांस्कृतिक विविधताको देश हो। यहाँ बसोबास गर्ने थुप्रै जात जातिमध्ये थामी पनि एक हो। यो जातिको आफ्नो छुट्टै भाषा र संस्कृति छ। आधुनिक समाजको प्रभाव बढ्दै जाँदा अहिले थामी संस्कृति अस्तित्व रक्षाको स्थितिमा पुगेको छ। भाषा पनि नेपाली र अरु भाषिकाहरुको दबदबाका कारण संकटमा पर्दै गएको छ। यही गतिमा थामी संस्कृति एवं भाषाको लोप हुँदै जाने हो भने आगामी दुई-तीन पुस्तापछि हाम्रा मौलिक परम्पराहरु एकादेशको कथाजस्तो हुन बेर लाग्ने छैन। यही परिप्रेक्ष्यमा प्रकाशित गर्न लागिएको थामी भाषाको शब्दकोशले हाम्रो भाषालाई बचाइ राख्न र अरु भाषाविद्हरुलाई पनि सहयोग पुग्ने विश्वास मैले लिएको छु।

थामी भाषाको आफ्नै लिपि छैन। न त अहिलेसम्म यो भाषाका बारेमा कुनै उल्लेखनीय पुस्तक वा लेख रचनाहरु नै प्रकाशित हुन सकेका छन्। गुरु (झाक्री)हरुले पूजा गर्ने विधि पनि मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको मात्रै हो। यो भाषा संस्कृतिको विस्तृत खोजानुसन्धान हुन जरुरी छ। तर साधन स्रोतको अभाव एवं चेतनाको कमीका कारण हाम्रा परम्पराहरु प्रत्येक दिनको सूर्य अस्तसँगै हराउँदै गइरहेका छन्। २०५४ सालमा वेलायती नागरिक मार्क टुरीनसँग मेरो भेट भयो। उनी थामी भाषाको अनुसन्धानका लागि नेपाल आइपुगेका थिए। त्यस्तै २०५५ सालमा

अमेरिकी नागरिक सारा स्न्याइडर्म्यानसँग पनि त्यही महान् कार्यको सिलसिलामा भेट भयो, जुन आमथामी जातिका लागि कोशेढुङ्गाको रुपमा रहनेछ। यो शब्दकोश पनि उहाँहरुकै देन हो। यसका लागि म उहाँहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

ठाउँ अनुसार थामी जातिको भाषाको लवज पनि फरक-फरक छ। आपसमा सीमा जोडिएर रहेका भए पनि दोलखा र सिन्धुपाल्चोककै थामीहरुमा भाषिक एकरुपता पाइँदैन। यो शब्दकोश दोलखा जिल्लाको सुस्पा क्षमावति गाउँ विकास समितिका थामीहरुको भाषाशैलीमा केन्द्रित छ। त्यसैले अन्य ठाउँका थामीहरुले बोल्ने भाषासँग यो नमिल्दो हुनसक्छ। यस बाहेक पनि कुनै शब्द एवं परम्परागत अर्थहरुमा छपाई प्रक्रियाको सिलसिलामा गल्ती हुन गएमा क्षमा चाहन्छौं। थामी जातिको भाषा-संस्कृतिको बारेमा तपाइँले देख्नु र बुझ्नु भएका कुराहरु एवं प्रतिक्रियाका लागि पत्राचार गर्नुहोला।

धन्यवाद।

वीर बहादुर 'लिले' थामी
सुस्पा क्षमावति गाविस
वडा नं. ५ फासेलुङ्ग
दोलखा जिल्ला
जनकपुर अञ्चल